
annapurnapost.com
अन्नपूर्ण पोस्ट
पृष्ठ ८ | काठमाडौं, सोमबार ९ असार २०८२ | आषाढ कृष्णपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | MONDAY, JUNE 23, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

# ७३ जिल्लामा फैलियो डेंगु






पछिल्लो एक सातामा संक्रमित
६८ जना

पछिल्लो चौबिस घण्टामा संक्रमण भएका
३ जना

कुल संक्रमित संख्या
१५०२ जना

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**दिनेश गौतम** | *काठमाडौं*

वर्षायामको सुरुवात सँगै मुलुकभर डेंगु संक्रमणको जोखिम बढेको छ। पछिल्लो ६ महिनाभित्र मुलुकका ७३ जिल्लामा डेंगु संक्रमण फैलिसकेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार, मनाङ, रसुवा, डोल्पा र हुम्लाबाहेकका जिल्लामा संक्रमण देखिएको छ। मुलुकका सातैवटा प्रदेशमा कुल १ हजार ५ सय २ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

'आम जनसमुदाय सजग हुनुपर्ने खाँचो छ,' डा. बुढाथोकी भन्छन्, 'राजनीतिक दल, दलका भ्रातृ एवं भगिनी संगठन र युवा कार्यकर्ताहरू पनि सहरबजारमा सरसफाइ अभियानमा खटिन अपिल गर्दछौं।' विगतका वर्षमा असोज/कात्तिक महिनामा ७७ वटै जिल्लामा डेंगु संक्रमण फैलिएको थियो। संक्रमणको 'पिक सिजन' आउन लागेकाले अन्य जिल्लामा पनि संक्रमण विस्तार हुन सक्ने स्वास्थ्य मन्त्रालयले जनाएको छ।

### बढी संक्रमण बागमती प्रदेशमा

प्रदेशगत रूपमा सबैभन्दा बढी संक्रमण बागमती प्रदेशमा पाइएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार, बागमती प्रदेशमा ३ सय ८० जनामा संक्रमण पुष्टि भएको छ। पछिल्लो एक सातामा २० जना व्यक्तिमा संक्रमण पुष्टि भएको छ।

### गण्डकीमा उच्च संक्रमण

गण्डकी प्रदेशमा दिनैपिच्छे संक्रमण बढ्न थालेको छ। पछिल्लो एक सातामा २३ जनामा संक्रमण पुष्टि भएको छ। हालसम्म यो प्रदेशमा ३ सय ३ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

### लुम्बिनीमा संक्रमण तीव्र

लुम्बिनी प्रदेशमा संक्रमणदर तीव्र देखिएको छ। पछिल्लो एक सातामा १६ जनामा संक्रमण पुष्टि भएको छ। यस प्रदेशमा हालसम्म २ सय ४७ जनामा संक्रमण भइसकेको छ।

### कोशीमा संक्रमणको जोखिम उस्तै

कोशी प्रदेशमा पनि संक्रमणको जोखिम बढेको छ। पछिल्लो सात दिनमा चार जनामा संक्रमण पुष्टि भएको छ। त्यस्तै यस प्रदेशमा हालसम्म ३०० जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए।

### मधेस र सुदूरपश्चिममा न्यून संक्रमण

अन्य प्रदेशको तुलनामा मधेस र सुदूरपश्चिम प्रदेशमा संक्रमण न्यून रहेको छ। पछिल्लो एक सातामा यी मधेस प्रदेशमा २ जना सुदूरपश्चिम प्रदेशमा ३ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। यो वर्ष सुदूरपश्चिममा २ सय ८४ जना र मधेस प्रदेशमा २२ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

### कर्णाली प्रदेशमा पनि संक्रमण

कर्णाली प्रदेशमा हालसम्म ३२ जनामा संक्रमण पुष्टि भएको छ। पछिल्लो एक सातामा नयाँ संक्रमित फेला परेको छैन। कर्णालीका डोल्पा र हुम्ला जिल्लामा संक्रमण पुष्टि भएको छैन। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीका अनुसार, गत वर्षभन्दा यो वर्ष डेंगु संक्रमणदर ५० प्रतिशत न्यून देखिए पनि चुनौती कायमै रहेको बताउँछन्।

» बाँकी पृष्ठ ६

# विपिनको अवस्था अझै अज्ञात

## हमासले बन्धक बनाएका ८ को शव फेला



**काठमाडौं** (अन्नपूर्ण) : इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले गाजा पट्टीमा हालैको सैन्य अपरेशनका क्रममा तीन इजरायली बन्धकहरूको शव फेला परेको जानकारी दिएका छन्। शनिबार प्राप्त शवहरूमा योनाटन समेरानो, ओफ्रा केइदार र स्टाफ सार्जेन्ट शाई लेभिनसनका रहेका छन्।

प्रधानमन्त्री नेतान्याहूले विज्ञप्ति जारी गर्दै उक्त कुराको पुष्टि गरेका हुन्। यस सफल अप्रेशनका लागि उनले आफ्ना कमाण्डरहरूलाई धन्यवाद पनि दिएका छन्। इजरायली रक्षा बल (आईडीएफ)ले यो महिना मात्रै गाजाबाट आठ बन्धकहरूको शव फेला पारिसकेको जानकारी दिएको छ। नेतान्याहूले भने, 'अपहरणमा परेकाहरूलाई घर फर्काउने अभियान निरन्तर जारी छ। जुन इरानविरुद्धको अभियानसँगै अगाडि बढिरहेको छ। हामी जीवित र मृत सबै अपहरणमा परेकाहरूलाई नफर्काएसम्म विश्राम गर्नेछैनौं।'

हाल: फेला परेका तीन बन्धकहरूमध्ये ७१ वर्षीया ओफ्रा केदारलाई गत वर्षको अक्टोबर ७ मा हमासले दक्षिण इजरायलको किबुट्जबाट हत्या गरी शव गाजातर्फ लगेका थिए। १९ वर्षका स्टाफ सार्जेन्ट शाई लेभिनसन आतंककारीहरूसँग भिड्दा मृत्यु भएको थियो। योनाटन समेरानोको शव फेला परेको पुष्टि उनका पिता कोबी समेरानोले सामाजिक सञ्जालमार्फत गरेका थिए। संयोगवश शनिबार उनी योनाटनको २३औं जन्मदिन पनि थियो। अहिले पनि करिब ५० जना बन्धकहरू गाजामा रहेका छन्।

### विपिन जोशी अझै अज्ञात

हमासको आक्रमणमा परी १० जना नेपालीको मृत्यु भएको थियो। ११ महिनाका लागि 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायल पुगेका कैलालीका नारायणप्रसाद न्यौपाने, आशिष चौधरी, बझाङका गणेशकुमार नेपाली, दार्चुलाका दीपेशराज विष्ट, लोकेन्द्र सिंह धामी, धनुषाका आनन्द शाह, सुनसरीका राजेशकुमार स्वर्णकार, डोटीका राजन फुलारा, पदम थापा र सल्यानका प्रवेश भण्डारीको मृत्यु भएको थियो।

कभर स्टोरी

# कर्णालीमा आईटीलाई जोड

भौगोलिक रूपमा विकट कर्णालीका ३७ दशमलव ७२ प्रतिशत बासिन्दाले मात्रै इन्टरनेटको सुविधा पाएका छन्। ७३ दशमलव १५ प्रतिशतसँग मोबाइल फोनको पहुँच छ। इन्टरनेट र टेलिफोनको राम्रो सुविधा नपाएका कारण यहाँका बासिन्दा सूचनाको पहुँचबाट टाढा छन्। खस सभ्यताको जननी कर्णालीमा सूचना र प्रविधिको विकासलाई प्राथमिकता दिएर सरकारले बजेट सार्वजनिक गरेको छ। आईटीमा कर्णालीलाई अब्बल बनाउने प्रदेश सरकारको बजेट तथा कार्यक्रमलाई कार्यान्वयनमा जोड दिनुपर्ने सरोकारवालाहरूको भनाइ छ।

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*
– को रिपोर्ट

सूचना प्रविधितर्फ विनियोजित बजेट

| | |
|---|---|
| एग्रो इकोलोजिकल मोडेल भिजेल स्थापना | ६ करोड १८ लाख |
| स्टार्टअप फन्ड तथा बिजनेस इन्क्युवेसन सेन्टर स्थापना गर्न | २ करोड |
| कर्णाली लगानी फन्ड | २५ करोड |
| गन्तव्य कर्णाली एप निर्माण गरी पर्यटन गाइड बुक तयार गर्न | ४३ करोड |
| एसईई विद्यार्थी डिजिटल शिक्षा सहयोग कार्यक्रम र मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रमका लागि | १६ करोड |

समाचार पृष्ठ २




| | |
|---|---|
| कर्णालीको जनसंख्या | १६,८८,००० |
| परिवार संख्या | ३,६६,२५५ |
| साक्षरता प्रतिशत | ७६ प्रतिशत |
| बिजुलीको पहुँच | ५१ प्रतिशत |
| सोलार बत्ती | ४७ प्रतिशत |
| मोबाइल फोन सेवा | ७३.१५ प्रतिशत |
| स्मार्ट मोबाइल फोन सेवा | ७२.९४ प्रतिशत |
| इन्टरनेट सुविधा | ३७.७२ प्रतिशत |

# अमेरिकाद्वारा इरानका आणविक स्थलमा आक्रमण

## तेल ढुवानी मार्ग बन्द गर्ने इरानी संसद्को निर्णय



**एजेन्सी** : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी हवाई आक्रमणले इरानका मुख्य आणविक स्थलहरू 'पूर्णरूपमा नष्ट' गरेको दाबी गरेका छन्। यो आक्रमणले तेहरानसँगको इजरायलको युद्धमा अमेरिका पनि सामेल भएको छ। र, मध्यपूर्वका लागि यो एक महत्वपूर्ण क्षण बनेको छ।

ह्वाइट हाउसबाट राष्ट्रका नाममा टेलिभिजन सम्बोधन गर्दै ट्रम्पले इरानले चाँडै शान्ति कायम नगरे संयुक्त राज्य अमेरिकाले थप लक्ष्यहरू पछ्याउने चेतावनी दिएका छन। यस क्षेत्रमा अर्को 'सदाका लागि युद्ध' बाट बच्न वाचा गरेका अमेरिकी राष्ट्रपतिको हस्तक्षेपले द्वन्द्वलाई नाटकीय रूपमा फराकिलो बनाउने खतरा निम्त्याएको छ। वासिङ्टन संलग्न भयो भने इरानले बदला लिने बताएको छ।

इरानको संसदले विश्वको सबैभन्दा महत्वपूर्ण तेल ढुवानी मार्ग 'स्टेट अफ होर्मुज' बन्द गर्ने प्रस्ताव पारित गरेको छ। इरानको राष्ट्रिय सुरक्षा परिषद्ले यो प्रस्ताव पारित गरेमा विश्वको लगभग २० प्रतिशत तेल ढुवानीमा असर पर्ने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

यता, अमेरिकी राष्ट्रपति ट्रम्पले भने इरानी आणविक स्थलमा भएको आक्रमणप्रति खुसी प्रकट गरेका छन्। 'आज राति म संसारलाई रिपोर्ट गर्न सक्छु कि आक्रमणहरू एक शानदार सैन्य सफलता थिए', ट्रम्पले भने। उनले आक्रमणले फोर्डोको महत्वपूर्ण भूमिगत आणविक संवर्धन प्लान्ट तथा नातान्ज र इस्फाहानका सुविधाहरूलाई लक्ष्य बनाएको बताए। 'इरानका मुख्य आणविक संवर्धन सुविधाहरू पूर्ण रूपमा र सम्पूर्ण रूपमा ध्वस्त भएका छन्। मध्यपूर्वको बदमाशी गर्ने इरानले अब शान्ति बनाउनुपर्छ', उनले भने।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आक्रमणका लागि ट्रम्पलाई बधाई दिँदै भने, 'संयुक्त राज्य अमेरिकाको भयानक र धार्मिक शक्तिले इतिहास परिवर्तन गर्ने छ।'

अमेरिकी आक्रमणलाई 'गैरकानुनी र आपराधिक' भनी निन्दा गर्दै इरानी विदेशमन्त्री अब्बास अराघचीले आफ्नो देशको सार्वभौमसत्ताको रक्षा गर्ने अधिकार रहेको बताए। 'आज बिहानका घटनाहरू अपमानजनक छन् र तिनका चिरस्थायी परिणामहरू हुनेछन्,' उनले एक्समा पोस्ट गरे, 'इरानले आफ्नो सार्वभौमसत्ता, हित र जनताको रक्षा गर्न सबै विकल्प सुरक्षित राख्छ।'

त्यसको लगत्तै तेल अभिवमा साइरन बज्यो र जेरुसेलमबाट विस्फोटको आवाज आयो। इरानी राज्य टिभीले नयाँ मिसाइल आक्रमण सुरु गरेको घोषणा गरेको छ। तेहरानले आइतबार अमेरिकी आक्रमणपछि 'प्रदूषणको कुनै संकेत नभएको' र साउदी नियामकहरूले खाडी क्षेत्रमा 'कुनै रेडियोधर्मी प्रभाव फेला नपरेको' बताएको छ।

इरानी मिडियाले फोर्डो प्लान्टको केही भागका साथै इस्फहान र नातान्ज आणविक स्थलहरूमा आक्रमण भएको पुष्टि गरेको छ। ट्रम्पले बिहीबार इजरायलको अभियानमा सामेल हुने कि नहुने भन्ने बारेमा 'दुई साताभित्र' निर्णय गर्ने बताएका थिए। यसलाई धेरैले कूटनीतिक अवसरको सम्भनाको रूपमा हेरेका थिए।

तर ट्रम्पको इरानमाथि आक्रमण गर्ने निर्णय धेरै चाँडै आयो। अमेरिकी उपराष्ट्रपति जेडी भान्स, रक्षामन्त्री पिट हेग्सेथ र विदेशमन्त्री मार्को रुबियोको साथमा रहेका ट्रम्पले इरान कूटनीतिक समाधानमा नपुगेसम्म भविष्यका आक्रमणहरू 'अझ ठूलो' हुने बताए।

यद्यपि ट्रम्पले शासन परिवर्तनको कुनै उल्लेख गरेनन्। उनले गत हप्ता इरानी सर्वोच्च नेता अयातोल्लाह अली खामेनेई 'सजिलो लक्ष्य' भएको चेतावनी दिएका थिए।

» बाँकी पृष्ठ ६